मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १६३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख ३० गते मंगलवार (Tuesday, May 12. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

सबै नेपालीको चाहना: लागूऔषध उत्पादन, अवैध ओसारपसार र सेवनरहीत समाजको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



बिर्तामोडमा निर्माण सामग्री ओसारपसारमा लागेका मजदुर । लकडाउनको ४८ दिन पूरा भएसँगै सरकारले ४८ वटा क्षेत्र खुल्ला गर्ने निर्णय गरेपछि ति उद्योग, व्यवसायसँग जोडिएकाहरुको रोजगारी पनि खुलेको छ । **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

## एकैदिन ८५ लाख रुपैयाँ !

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, बैशाख २९।** भारतको पश्चिम बंगाल सरकारले नेपालसँग सीधा सीमा जोडिएको भारतको पानीट्यांकीस्थित रानीगञ्ज नाका ठप्प पार्दा मेची भन्सार कार्यालय काँकरभिट्टाको एक अर्ब १० करोड रुपैयाँ राजश्व प्रभावित बनेको छ ।

भारतका विभिन्न प्रान्तमा नोवल कोरोना भाइरस कोभिड-१९को संक्रमण बढेसँगै पश्चिम बंगाल सरकारले अघिल्लो वर्षको चैत २६ गतेदेखि पानीट्यांकीस्थित रानीगञ्ज नाका ठप्प पार्दा नेपाल प्रवेश गर्ने भारतलगायत तेस्रो मुलुकबाट विभिन्न सामान बोकेका मालवहाक सवारी साधनको आवतजावत शुन्य हुँदा मेची भन्सार कार्यालय काँकररभिट्टाको राजश्व असुली नराम्ररी प्रभावित भएको थियो ।

प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माका अनुसार नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभागले यो



कार्यालयलाई चालू आर्थिक वर्ष २०७६/२०७७ का लागि १३ अर्व रुपैयाँ बढी राजश्व असुलीको लक्ष्य दिएको छ । तर, चालू आर्थिक वर्षको शुरुवाती महिनादेखि नै कार्यालयले लक्ष्यको तुलनामा राजश्व असुल गर्न सकेको छैन ।

नोवल कोरोना भाइरस कोभिड १९को संक्रमण रोकथाम र नियन्त्रणका भन्दै अघिल्लो वर्षको चैत ११ गते नेपाल सरकारले लकडाउन गरे लगत्तै पूर्वीनाका भएर अत्यावश्यक सामान ग्यास, बुलेट, तरकारी, फलफूल खाद्यान्न मात्र आउन थालेका थिए । चैत २५ गतेसम्म यो नाका भएर सामान आइरहेका भए पनि २६ गतेदेखिसँग सीमा जोडिएको नेपालको पूर्वी नाका काँकरभिट्टा भारततर्फबाट एकलौटी पश्चिम बंगाल सरकारले नाका बन्द गरेपछि यो नाका हुँदै नेपाल प्रवेश गर्ने सवै सवारीका साधन ठप्प थिए । चैत २६देखि बैशाख २६ गतेसम्म वा ३१ दिन यो नाका पूर्णरुपमा ठप्प हुँदा मेची भन्सार कार्यालय काँकरभिट्टाले १ अर्ब १० करोड रुपैयाँ राजश्व गुमाउनु परेको प्रमुख भन्सार अधिकृत विश्वकर्माले जानकारी दिए ।

३१ दिनपछि शनिबारबाट यो नाका सञ्चालनमा आएको छ । शनिबार ३१ वटा मालवाहक सवारी साधन नेपाल प्रवेश गरेका भए पनि सरकारी विदा परेकाले आइतवार जाँचपास गरिएको थियो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## २४ जना थपिए, १३४ पुग्यो

**झापा, वैशाख २९।** नेपालमा सोमबार एकैदिन २४ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ ।

सोमबार साँझ कपिलवस्तुमा थप ६ जना, रुपन्देहीमा ६ र बर्दीयामा एक जना गरी १३ जनामा कोरोना पुष्टि भएसँगै एकैदिन २४ जनामा कोरोना देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यसअघि बिहानमात्रै कपिलवस्तुमा १० तथा सप्तरीमा एक जनामा कोरोना पुष्टि भएको थियो । यसअघि पर्साका १७ जनामा एकैदिन कोरोना पुष्टि भएपछि सोमबार धेरै सङ्क्रमित भेटिएका हुन् ।

मन्त्रालयका सहप्रवक्ता डाक्टर समिरकुमार अधिकारीका अनुसार कपिलवस्तुको यशोधरा गाउँपालिका ८ र बुद्धभूमि नगरपालिका ७का १५, १९, २३, ३०, ३२ र ३८ वर्षका पुरुषमा कोरोना पुष्टि भएको हो । साथै रुपन्देही, समरीमाई गाउँपालिका ७ र लुम्बिनी सांस्कृतिक गाउँपालिका ६ का २४, २६, २७, ३०, ३२ र ४० वर्षका पुरुष र बर्दिया राजापुर की ११ वर्षकी बालिकामा कोरोना पुष्टि भएको हो ।

रुपन्देही र कपिलवस्तुमा कोरोना पुष्टि भएका १२ जनालाई बुटवलमा रहेको कोरोना विशेष अस्पताल लैजाने तयारी गरिएको छ । यस्तै बर्दीयामा भेटिएका कोरोना सङ्क्रमितलाई बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरा लैजाने तयारी गरिएको मन्त्रालयका सहप्रवक्ता अधिकारीले जानकारी दिए ।

सोमबार बिहान कोरोना पुष्टि भएका कपिलवस्तुका १० जनालाई बुटवलको कोरोना अस्पताल तथा सप्तरीका युवकलाई गजेन्द्रनारायण सिंह अस्पताल लगिएको छ । अहिलेसम्म कोरोना पुष्टि भएकामध्ये ३३ जना निको भएर घर फर्किएका छन् । १२ हजार सात सय एक जना क्वारेन्टाइनमा रहेको र एक सय ५३ जना आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ ।

## छोराको याचना : मेरी आमालाई बचाइदिनुहोस्

**बिर्तामोड, बैशाख २९।** संसारमा आमाभन्दा महान को होला र ? आमाका लागि छोराछोरीले जस्तोसुकै त्याग पनि गर्न सक्नुपर्छ भन्ने उदाहरण बनेका छन् झापाका दुई दाजुभाइ । झापाको अर्जुनधारा-१० घर भएका पर्शुराम विश्वकर्माकी आमा शिवमाया बराइलीलाई आन्द्राको क्यान्सर भएपछि उनी हाल भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत् छिन् ।

भर्खर एसईई परीक्षा सकेका पर्शुरामले कल्पना समेत गरेका थिएनन् कि जीवनमा यति ठूलो संकट आईपर्छ भनेर । पढ्ने उमेरमा आमालाई कसरी बचाउने एउटै चिन्ताले पिरोलेको छ अहिले पर्शुरामलाई । पेट दुख्ने समस्या भएपछि बिर्तामोडस्थित निलकण्ठ डाइग्नोष्टिकमा उपचारका लागि आएर जाँच गराउँदा त्यहाँबाट क्यान्सरको आशंका गर्दै चिकित्सकले भरतपुर तथा काठमाडौंस्थित टिचिङ हस्पिटलमा जान सुझाव दिएका थिए ।

चिकित्सकको सुझाव अनुसार नै आमालाई काठमाडौं लगेका पर्शुरामले एम्स अस्पतालमा आमाको जाँच गराएका थिए । त्यहाँबाट आमा शिवमायालाई आन्द्राको क्यान्सर भएको पुष्टि भयो । त्यस लगत्तै भक्तपुर क्यान्सर अस्पताल लगेका पर्शुरामले गत कात्तिक २६ गते आन्द्राको क्यान्सरको अप्रेसन गराएका थिए । आमाको पेटको अप्रेसन गरेपछि स्वास्थ्यमा क्रमिक रुपमा सुधार भइरहेको उनले बताए ।

हालसम्म १० लाख रुपैयाँभन्दा धेरै खर्च



भइसकेको भन्दै पर्शुरामले भने- आमाभन्दा ठूलो केही होइन । आमाको उपचारका लागि मैले पढ्न पाइन, भाइ अनुपले पनि कक्षा ११मा पढ्दापढ्दै पढाई छाड्नुपर्‍यो । हाल काठमाडौंमा ज्याला मजदुरी गरेर आफ्नो जीविका चलाउनुका साथै आमाको उपचारका लागि खर्च जोहो गर्ने गरेको उनले बताए । सम्पत्तिको नाममा सानो घर बाहेक केही नभएको र आमालाई कसरी बचाउने भन्ने चिन्ताले सताउन थालेको पर्शुरामको भनाइ छ ।

झापामा बुबा र बहिनी मात्रै रहेको भन्दै पर्शुरामले भने- आर्थिक सहयोग माग्न कहाँ जानु नगरपालिकासँग हारगुहार गर्नु बाहेक केही नगरेको भन्दै उनले आफ्नी आमालाई बचाई दिन सबैसंग आग्रह गरेका छन् । सानै उमेरमा आर्थिक भार व्यहोर्नु परेको भन्दै पर्शुरामले आफ्नी आमा सम्झेर सहयोग गरिदिन अनुरोध गरे । उनले सहयोग गर्न चाहने महानुभावलाई ९८२४००६३४५ सर्म्पक गरिदिन आग्रह गरे ।

पर्शुराम र अनुपले आमाको उपचार सफल भएर निको भए पुनः अध्ययनलाई अघि बढाउने बताए । आफूहरु रहरले नभई बाध्यताले काठमाडौंमा ज्याला मजदुरी गर्न बाध्य भएको उल्लेख गरे । विभिन्न रोगीको उपचारका लागि समूह बनाएर सहयोग अभियान सञ्चालन हुने गरेको भन्दै पर्शुरामले आफ्नी आमा बचाई दिन सहयोग अभियान सञ्चालन गरेर आर्थिक सहायता जुटाई दिन आग्रह गरे ।

विश्वभर पछिल्लो समय नसर्ने रोगको संक्रमण बढ्दै गइरहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । नेपालमा पनि पछिल्लो समय सरुवा रोग भन्दा नसर्ने रोगका बिरामी बढ्दै गएको चिकित्सकहरुले बताएका छन् । नेपालमा मधुमेहपछि क्यान्सरका रोगी धेरै रहेको चिकित्सकहरुले बताएका छन् । खानपान र जीवन शैलीमा ध्यान नदिँदा पछिल्लो समय क्यान्सरका रोगी बढ्दै गएको चिकित्सिकहरुको भनाइ छ ।

## आयुषको मृत्युको कारण खुल्यो

**मोरङ, बैशाख २९।** कानेपोखरी गाउँपालिका-१ बस्ने १८ वर्षीय आयुष गिरी मृत अवस्थामा फेला परेको घटनामा संलग्न रहेको अभियोगमा को.२ त १२२५ नम्बरको ट्याक्टरका चालक पथरीशनिश्चरे नगरपालिका-९ बस्ने ४६ वर्षीय बद्रीबहादुर मगरलाई प्रहरीले पक्राउ गरेको छ ।

बेलबारी नगरपालिका-७ दौलतपुरस्थित सुनसरी सिञ्चाई आयोजनाको मुल नहरको सडक दक्षिण किनारमा बैशाख २५ गते बिहान आयुषको शव फेला परेपछि तत्काल जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी अनुसन्धानमा खटिएको थियो ।

घटनाको अनुसन्धान गर्ने क्रममा बैशाख २४ गते राति गिरी र उनका ९ जना साथीहरु स्थानीय होटलमा मादक पदार्थ सेवन गरी आपसी विवाद हुँदा एक्लै घर जान्छु भनी नहरको बाटो पदैल हुँदै घरतर्फ जाँदै गरेको अवस्थामा निज बद्री बहादुर मगरले चलाएको को२त १२२५ नम्बरको ट्याक्टरले गिरीलाई ठक्कर दिँदा उनको मृत्यु भएको खुल्न आएको छ । मृतक गिरीसँग मादक पदार्थ सेवन गर्ने ९ जनालाई समेत प्रहरीले अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ ।

## माछा मार्न गएका विष्णु घर फर्केनन्

**सुनसरी, बैशाख २९।** सुनसरीको इटहरी उपमहानगरपालिका-१६का ३५ बर्षीय बिष्णु चौधरीको करेन्ट लागेर मृत्यु भएको छ ।

घर छेउमै रहेको खोल्सामा करेन्ट लगाएर माछा मार्ने क्रममा अचानक आफैलाई करेन्ट लाग्दा निजको घटनास्थलमा नै मृत्यु भएको भनी स्थानीयवासीले जानकारी गराउना साथ ईलाका प्रहरी कार्यालय इटहरीबाट प्रहरी टोली खटी गई कानूनी प्रक्रियाका साथै अन्य थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## म्याद गुज्रिएको वीऊ सुकाउँदा ...

**गौरीगञ्ज, बैशाख २९।** म्याद गुज्रेको उन्नत जातको गहुँको बीऊ वेचविखन गर्ने उद्देश्यले घरमा राखिएको अवस्थामा फेला परेको छ ।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. ३ स्थायी घर भएका रवीन पोद्धारले म्याद नाघेको करिब २ सय ८० केजी (७ मन) उन्नत जातको गहुँको बीऊ धोई पखाली घाममा सुकाइरहेको अवस्थामा सोमवार फेला परेको हो ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र कृषि सामग्री कम्पनी लिमिटेडको म्याद गुज्रेको उन्नत जातको बीऊ फेला परेको उद्योग वाणिाज्य संघ गौरीगञ्जका अध्यक्ष तथा वडा नं. ३का अध्यक्ष मखना महतोले जानकारी गराएका छन् ।

फेला पारिएको उक्त सुधारिएको गहुँको ट्यागमा सुरक्षित रूपमा भण्डारण गरे गहुँको प्रमाणिकरण म्याद बढीमा एक बालीसम्म रहने लेखिएको छ । गहुँ बाली लगाउने समय कात्तिक र मंसीर महिना हो । गहुँको बोरामा राखिएको ट्याग अनुसार उक्त गहुँ विषालु औषधिबाट उपचार गरिएको र गहुँको प्रमाणिकरण बढीमा एक बालीसम्म रहने हुँदा म्याद गुज्रिसकेको हो ।

तर धान, चामल र गहुँ किनबेच गर्ने स्थानीय व्यापारी पोद्धारले ८ क्वीन्टल उक्त गहुँको बीऊ अर्का स्थानीय व्यापारी गौरीगञ्ज गाउँपालिका वार्ड नं. ३ घर भएका पाण्डव झासँग ६ र ७ दिनअघि किनेका थिए । म्याद गुज्रिएको गहुँ हो भनी थाह पाउँदा पाउँदै किन उनले व्यापारी झासँग १ हजार रूपैयाँ मनको दरले खरिद गरे ? जिज्ञासा राख्दा पोद्धार भन्छन्- गहुँको बीऊको म्याद गुज्रिएकोले धोई पखाली सुकाएर राख्न खोजेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





झापाको दमक पसपार्क नजिकै सडक किनारमा झ्याङ्गिएको पहेंली लहरा । यो बनस्पतिको नाम नेपाली भाषामा पहेंलो लहरो भनिन्छ । यो विशेषगरी सिमलीको रुखमा लहरिएर झ्याङ्गिने गर्छ । । परजीवी प्रजातिको बनस्पति भएकोले यसको जरा हुँदैन । लहाराको केही भाग अरु रुखमा राखिदियो भने आफै फैलने गर्छ । यो लहरा आयुर्वेद पद्धतिमा कलेजो, जण्डिस र पेट सम्वन्धी रोगको लागि अचुक औषधि मानिन्छ । **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

# ४० मुरीभन्दा बढी धान फलाउनेलाई एक लाख रुपैयाँ पुरस्कार

**पाँचथर, बैशाख २९।** पाँचथरको मिक्लाजुङ गाउँपालिकाले ४० मुरीभन्दा बढी धान उत्पादन गर्ने परिवारलाई रु. एक लाख पुरस्कार दिने भएको छ ।

कोभिड-१९को महामारी तथा लकडाउनका कारण गाउँपालिकाभित्र उत्पन्न हुन सक्ने खाद्यान्न संकट न्यूनीकरणका लागि किसानलाई कृषि उत्पादनमा उत्प्रेरणा ल्याउने उद्देश्यले गाउँपालिकाले सो पुरस्कारको व्यवस्था गरेको हो ।

यस्तै चार फुट उचाई र २० फुट लम्बाईको मकैको थाङ्रो राख्ने कृषकलाई समेत सोही राशिको पुरस्कार दिइने भएको छ । यस्तै ३५ मन (प्रतिमनमा ४० किलो) भन्दाबढी आलु उत्पादन गर्ने कृषकलाई प्रतिकिलो रु २० पुरस्कार दिइने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरुण राईले जानकारी दिए ।

गाउँ कार्यपालिकाको बैठकले 'कोरोना सङ्क्रमणबाट उत्पन्न परिस्थितिमा कृषिजन्यउपज उत्पादन वृद्धिमा उत्प्रेरणा ल्याउन कृषकलाई सम्मान तथा पुरस्कार वितरणसम्बन्धी कार्यविधि-२०७६' पारित गरेको थियो । सोही कार्यविधिका आधारमा कृषकलाई उक्त पुरस्कार दिने निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत राईले जानकारी दिए । यो पुरस्कार आगामी आर्थिक वर्षमा मात्रै लागू हुनेछ । चालू आर्थिक वर्षभित्रै उत्पादन हुने खाद्यान्नको खेती भइसकेकाले आगामी आवबाट लागू हुने गरी पुरस्कार स्थापना गरिएको उनले जानकारी दिए ।

कार्यविधिमा एकै परिवारले उक्त परिमाणमा खाद्यान्न उत्पादन गर्नुपर्ने उल्लेख छ । उत्पादनको विश्वसनीयताका लागि छुट्टै अनुगमन समितिसमेत गठन गरिएको प्रमुख प्रशासकीय अधिकृत राईले बताए । अधिकांश क्षेत्र खेतीयोग्य जमिन रहेको मिक्लाजुङमा अन्य स्थानीय तहको तुलनामा सिन्चाइको समेत राम्रो व्यवस्था छ । तर, खेतीयोग्य जमिन बाँझिदै गएकाले गाउँपालिकाले प्रोत्साहनको व्यवस्था गरेको हो । धेरै खेतीयोग्य जमिन बाँझिएका छन् । गाउँपालिकालाई जोड्न मुख्य सडक निर्माणाधीन अवस्थामा रहेकाले अभाव भएका बेला खाद्यान्न आपूर्ति गर्न पनि कठिन हुन्छ, प्रमुख प्रशासकीय अधिकत राईले भने- यसैले कृषिउपज उत्पादनमा विशेष जोड दिएका हौं ।

यही गाउँपालिकाले कोभिड-१९को महामारी र लकडाउनका कारण खाद्य सङ्कट हुने भन्दै खाद्यान्न प्रयोग गरी मदिराजन्य पदार्थ उत्पादन गर्न रोक लगाएको छ । गाउँपालिकाले मदिराजन्य पदार्थ उत्पादनका लागि खाद्यवस्तु बिक्री नगर्न स्थानीयवासी तथा व्यवसायीमा अपिलसमेत गर्दै आएको छ ।

# क्वारेन्टाइनका लागि थप सहयोग

**बिर्तामोड, वैशाख २९।** विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोनाभाइरसको संक्रमणको आशंका रहेका व्यक्तिलाई राख्न झापाको भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसमा निर्माणाधिन क्वारेन्टाइनका लागि लुथरन वर्ल्ड फेडेरेसनको आर्थिक सहयोगमा सञ्चालित न्याय तथा विकासका लागि समाजिक सञ्जाल झापा (एसएनजेडी) ले अत्यावश्यक सामग्री प्रदान गरेको छ ।

भारतमा बिचल्लीमा परेका नेपालीहरुलाइ नेपाल आउने अनुमति प्राप्त हुनसाथ उनीहरुलाई राख्न मेची बहुमुखी क्याम्पसको विज्ञान भवनमा १२५ वेडको क्वारेन्टाइन निर्माणाधीन अवस्थामा रहेको नयाँ श्रीथान गण चन्द्रगढीका मेजर जुद्धबहादुर निरौलाले जानकारी दिए ।

उक्त संस्थाले निर्माणाधीन क्वारेन्टाइनका लागि दुई सय थान तन्ना, दुई सय थान झुल, दुई सय थान ब्ल्याङ्केट, दुई सय थान म्याट्रेस, ४० थान माक्स लगायतका सामग्री प्रदान गरेको हो ।

उक्त सामग्री जिल्ला विपद् व्यवस्थापन समिति झापाका अध्यक्ष तथा झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना, नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल, सशस्त्र प्रहरी बल नं. २ गण झापाका प्रमुख रेशमकुमार थक्सूलगायतलाई एसएनजेडी झापाका अध्यक्ष सोमनाथ भट्टराई, कार्यक्रम संयोजक कुमार चुडाल, योजना अनुगमन तथा मूल्याङ्कन अधिकृत रञ्जन धमलाले हस्तान्तरण गरेका थिए ।

एसएनजेडी झापाले यस अघि जिल्ला प्रहरी कार्यालय झापाको हाताभित्र रहने गरी निर्माण गरिएको क्वारेन्टाइनका लागि ३० थान खाट, ब्ल्याङ्केट, तन्ना, सिरानी, डस्टविन, चप्पल, तौलिया, झुल, साबुन, थाल, गिलास लगायतका सामग्रीहरु प्रदान गरेको संस्थाका योजना अनुगमन तथा मूल्याङ्कन अधिकृत रञ्जन धमलाले जानकारी दिए ।




त्यसैगरी झापा गाउँपालिकास्थित डिल्लिराज माविमा निमार्ण गरिएको २० वेडको क्वारेन्टाइन र जनता माविमा निर्माण गरिएको २० वेडको क्वारेन्टाइनमा चाहिने २० थान खाट, ब्ल्याङ्केट, तन्ना, सिरानी, डस्टविन, चप्पल, तौलिया, झुल, साबुन, थाल, गिलास लगायतका सामग्रीहरु प्रदान गरेको उनले वताए । त्यस्तै झापा गाउँपालिकाका विपन्नवर्गका परिवारलाई दुई हजार पिस साबुन र गोरीगञ्ज गाउँपालिकाका विपन्न वर्गका परिवारलाई दुई हजार १६ पिस साबुन हस्तान्तरण गरिएको उनले जानकारी दिए ।

त्यसैगरी संस्थाले ससस्त्र प्रहरी वल, नेपाल प्रहरी र जिल्ला विपद् व्यवस्थापन समिति झापालाई ज्वरो नाप्ने थर्मोमिटर, मास्क, सेनेटाइजर ,ग्लोभ्स लगायतका सामग्री प्रदान गरिएको उनले बताए ।

# जंगलबाट काठ निकाल्न चटारो

**युद्धबहादुर बोहोरा**

**इलाम, बैशाख २९।** कोरोना महामारीका कारण करिब दुई महिना अघिदेखि देशमा बन्दाबन्दी भइरहेको अवस्थामा हाल सरकारले शर्तसहित सीमित क्षेत्रलाई खुकुलो बनाए सँगै यतिबेला पहाडी क्षेत्रका जंगलबाट काठ (गोलिया) निकाल्न व्यावसायीलाई चटारो परेको छ ।

वर्षात् शुरु भएपछि ग्रामीण सडकबाट काठ ढुवानी गर्न कठिन र जंगलमा कुहिने डरले मुख्य सडकसम्म निकाल्न हतार गरिएको काठ व्यवसायी गजेन्द्र काफ्लेले बताए । उनी भन्छन्- 'आर्थिक चहलपहल ठप्प भएको समयमा गाउँघरमा उत्पादन भएका हरेक सामान निकासीको पखाईमा कृषकहरु रहेका छन् ।' काठ व्यवसाय निरन्तर सहज भइरहे कृषकको आयश्रोत र स्थानीयलाई रोजगारीमा समेत मद्दत मिल्ने उनको भनाइ छ ।

वैदेशिक रोजगारीमा जानु अघि आफूले लगाएको उतिसको बिरुवा केही वर्षमा स्वदेशबाट फर्किए लगत्तै बिक्री गरेकोले खुशी हुँदै पुनःबृक्ष रोपणमा जाँगर चलेको बताउँछन्- फाकफोकथुम-१, मजुवा निवासी गणेश निरौला ।

पहाडी भेगका अधिकांश जमिन जंगलले ढाकेको पाइन्छ । वातावरणीय हिसाबले स्वच्छ र पर्यटकीय दृष्टिकोणबाट पनि हराभरा जंगलको अत्यन्तै महत्व छ । थोरै लागत खर्चमा बृक्षरोपण, छिटो समयमा बृद्धि हुने र पहाडी भेगको भिराले भू-भागमा राम्ररी फष्टाउने उतिस, मलातो तथा अन्य जातका कु-काठ रोपिने गरिन्छ । बिरुवा लगाएको १५देखि २० वर्षभित्रमा बिक्री गरी बर्षेनि लाखौंको आम्दानी भित्र्याइरहेका यस क्षेत्रका मानिसको ठूलो आयश्रोतको बाटो बनेको स्थानीय शिकक्षक दिननाथ भट्टराई बताउँछन् । तराईका विभिन्न जिल्लामा सञ्चालनमा रहेका काष्ठ फर्निचर तथा भेनियर उद्योगका लागि ढुवानी हुने पहाडका काठ (कच्चा पदार्थ) पछिल्लो दिनको जटिल परिस्थितिले माग कम भएको काठ व्यवसायीहरुको गुनासो छ ।



# ताप्लेजुङमा मुख्यमन्त्री कृषि सडकको शिलान्यास

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, बैशाख २९।** प्रदेश १ सरकारको बजेटबाट ताप्लेजुङमा निर्माण हुने मुख्यमन्त्री ग्रामीण कृषि सडक आयोजनाको शिलान्यास गरिएको छ ।

जिल्लाको आठराई त्रिबेणी गाउँपालिकामा निर्माण गर्न थालिएको सडकको आइतबार शिलान्यास गरिएको हो ।

प्रदेश सरकारको एक करोड रुपैयाँको बजेटबाट निर्माण हुने कृषि सडकको प्रदेशसभा सदस्य टंक आङ्बुहाङले शिलान्यास गरेका हुन् । आठराई त्रिबेणी गाउँपालिकाकाको चाँगे गोर्जा-कात्तिकेदेखि हाङ्पाङको नेबोखाम-खोपी हुँदै निघुरादिन जोड्ने सडकको शिलान्यास गरेका हुन् ।

प्रदेश सांसद आङ्बुहाङले यस आयोजनाले जनतालाई प्रत्यक्ष सुविधा पुग्ने बताए । प्रदेश सरकारको क्रमागत योजना अन्तर्गतको सडक भएकाले निर्माण सम्पन्न गर्नलाई बजेटको अभाव नहुने पनि उनले बताए ।

मापदण्ड अनुसार सडक निर्माण गर्न ठेकेदार कम्पनीलाई सुझाव दिँदै निर्माण कार्यको सँधै निगरानी स्थानीय जनताले गर्नुपर्नेमा उनले जोड दिए ।

यता आफ्नो क्षेत्रमा आएको सडक योजनाको लागि गाउँपालिकाको तर्फबाट गर्नुपर्ने सहयोगमा कुनै कमी हुन नदिने आठराई त्रिबेणी गाउँपालिकाका अध्यक्ष विश्वनाथ सिटौलाले बताए । मुख्यमन्त्री ग्रामीण कृषि सडक निर्माणको जिम्मा भने कान्छाराम कन्स्ट्रक्सन प्रालि काठमाडौंले पाएको छ ।





## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**




## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


### एकैदिन ...

कार्यालयले आइतबार एकैदिन ८५ लाख रुपैयाँ संकलन गरेको छ । आइतबारमात्र ३० वटा मालवहाक सवारी साधन नेपाल प्रवेश गरेका छन् । सोमाबार पनि निर्वाध रुपमा भारतलगायत तेस्रो मुलुकबाट मालवाहक सवारी साधन आउने क्रम जारी छ । जाँचपास र राजश्व संकलन भइरहेको छ ।

यो नाका हुँदै खाना पकाउने एलपी ग्यास, मट्टीतेल तयारी पोशाक, सुपारी, सिमेन्ट क्लिङ्कर, हवाई स्प्रीड, सुती कपडा, खरानी स्ल्याग, चामल तथा कनिका, रंगीन टेलिभिजन, ग्लेज टाइल, लुब्रिकेटीङ्ग आयल मोबिल, मोटरका व्याट्री, प्लाष्टिकका प्याक गर्ने ट्युबहरु लगायत बिभिन्न सामग्री भारत तथा तेश्रो मुलुकबाट पैठारी भई आउने गरेका छन् भने मुसुरो दाल, भेनियर सिट, चोकर भुस, आलस, चिया, खयर कत्था, जडीबुटी फलामे संरचनाहरु, अदुवा, सुठो, सुंगुर, बेतताड, प्लाउड, क्राफ्ट पेपर लगायतका बस्तुहरु नेपालबाट भारत तथा समुन्द्रपार निकासी हुने गरेका छन् ।

तर, शनिबारबाट भारतलगायत तेस्रो मुलुकबाट विभिन्न सामान बोकेका मालवाहक सवारी साधन नेपाल प्रवेश गरे पनि नेपालबाट निर्यात हुने सवै मालवस्तु ठप्प छ । नेपालबाट भने कुनै पनि सवारी साधन भारत, बंगलादेश लगायत अन्य मुलुक गएका छैनन् ।

### म्याद ...

हो, बेच्नलाई होइन ।

हालको शुद्ध गहुँको चलनचल्तीको बजार मूल्य १४ सय रूपैयाँ मन (४० केजी) हो । उक्त बीऊ विजनका लागि ल्याइएको विषादियुक्त गहुँलाई धोई पखाली घाममा सुकाएर तयार पारी उक्त गहुँ अन्य साना व्यापारीहरूलाई पोद्धारले बेच्ने गरेको स्थानीयबासीहरूले आरोप लगाएका छन् । बजारमा गहुँको आटा (पिठो) बेच्ने खुद्रा साना व्यापारीहरूले रवीनसँग सोही गहुँ खरिद गरि लाने गरेको बताइन्छ ।

कृषकलाई बेच्न ल्याईएको गहुँको बीऊ यो सिजनमा नबिकेपछि व्यापारी पाण्डबले हालको गहुँको मूल्यभन्दा कम दररेटमा पोद्धारलाई बेचेको व्यापारी झाले स्वीकार गरे । 'मैले गहुँ बाली लगाउने सिजनमै ल्याएँ, अलि अलि ७/८ बोरा बचेको थियो, त्यही गहुँ बेचेको हो'- व्यापारी झाले भने ।' वीऊको गहुँ धोई पखाली घाममा सुकाए भने अन्य खानलायक शुद्ध गहुँ जस्तो देखिन्छ, एक स्थानीयले भने - तर धोए पनि विषादि पखालेर नजाने भएकोले खान नहुने गहुँ हामी उपभोक्तालाई बेचिरहेको पाइएकोले उक्त व्यापारीलाई सशक्त कार्वाही हुनुपर्छ । फेला पारिएको उक्त म्याद गुज्रिएको गहुँको बीऊ हाल वार्ड नं. ३ को कार्यालयमा स्थानीय प्रहरीको रोहवरमा राखिएको छ ।

इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक गणेश भट्टराईले यसबारे माथिल्लो निकायलाई जानकारी गराई सकिएकोले के कार्वाही हुने विषयमा अहिले भन्न नसिकने बताए ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# मितव्ययिता अहिलेको आवश्यकता

कोभिड–१९ का प्रकोपका कारण देश लकडाउनमा छ। यसले निम्त्याएको वैश्विक महामारीको रोकथामका लागि गरिएको लकडाउनले हाम्रा आर्थिक गतिविधि समेत ठप्प छन्। भ्रमण बर्ष २०२० शुरू भएसँगै उत्पन्न आतंकले राष्ट्रिय आयको प्रमुख हिस्सा रहेको पर्यटन व्यवसाय धरासायी भएको छ। पर्यटन लक्षित होटल, रेष्टुरेन्टहरू नराम्ररी प्रभावित भएका छन्। बैदेशिक रोजगारमा रहेका लाखौं नेपाली युवा बेरोजगार मात्र भएका छैनन् त्यसबाटै चलायमान हाम्रो अर्थतन्त्र नै 'डाँवाडोल' भएको छ।

कोरोना पनि भनिने यो महामारीको भय कहिलेसम्म रहने हो कोही जान्दैन। विश्व स्वास्थ्य संगठनले यसको कहर दुई–तीन बर्ष रहन सक्ने चेतावनी दिएको छ। नियन्त्रण भएको भनिएको चीन र दक्षिण कोरियामा थप नयाँ संक्रमित फेला परेको बताइएको छ। यसले हामी जस्ता विकासशील मुलुकमा सजगता र सतर्कता नअपनाउने हो भने परिणाम भयावह हुन सक्ने अनुमान गर्न सकिन्छ। यस्तो बेला सरकारको ध्यान सम्पूर्ण रूपमा महामारी नियन्त्रण र रोकथामका लागि केन्द्रित हुनुपर्दछ। यदि त्यसो भएन भने सरकार हुनुको औचित्य समाप्त हुनेछ। लकडाउनको कारण उद्योगधन्दा बन्द छन्, व्यापार व्यवसाय अबरुद्ध छ। बिकास निर्माणका काम प्रभावित छन् जसका कारण देशको आर्थिक जीवन नै ठप्प भएको छ। यसलाई चलायमान र गतिशील बनाउन सरकारलाई चुनौति पनि छ।

यही संकटका समय छिमेकी देश भारतले एकतर्फी रूपमा सडक सञ्चालन गरेर 'दादागिरी' देखाएको छ। सरकारमा बस्नेले एकदिन त्यसको पनि हिसाब देखाउनु पर्नेछ। सीमा समस्यामा जहिल्यै 'निम्छरो' हुने नेतृत्वका कारण नेपालीले 'मत्स्य न्याय' को शिकार हुनु परेको छ। हाम्रा नेतृत्वमा न अध्ययन छ न त बस्तुगत ज्ञान भएको व्यवहारले प्रमाणित गरेको छ। न तार्किकता देखिएको छ न त बिषयको गाम्भीर्यलाई अनुभूत गर्न सकेको परिस्थितिले सिद्ध गरेको छ। यस्तोमा बाहुवलले बलियो छिमेकीले कमजोरलाई मर्ममा प्रहार गर्नु सामान्य हुन जान्छ। तर, नेपाली कहिल्यै पराईको अधिनमा रहेनन् त्यसैले स्वाधीनता नेपालीको अक्षुण्ण विशिष्टता रहेको छ।

यसैबेला सरकारलाई वित्तीय अनुशासन कायम गरी अस्तव्यस्त आर्थिक जीवनलाई यथास्थानमा ल्याउने चुनौति पनि थपिएको छ। त्यसैले सरकार मितव्ययी हुनुपर्छ। अनुत्पादक क्षेत्रका लगानी तत्काल बन्द गर्नुपर्छ। अनावश्यक मन्त्री, मन्त्रालय, विभाग, समिति कटौती गरी खारेज गर्न आँट देखाउनुपर्छ। दाता एवम् दातृ निकायहरू आफैं महासंकटमा छन्, त्यसैले आत्मनिर्भरता मात्र विद्यमान संकटको सहाय हुनसक्छ। त्यसकारण पनि सांसद बिकास कोषका नाममा कार्यकर्ता भर्ती गर्ने र 'चारो छर्ने' परिपाटी खारेज गर्नुपर्छ। लकडाउनले धरासायी भएका उद्योग, कलकारखाना र व्यवसायलाई पुनर्जीवन दिनुपर्छ। महामारीबाट प्रभावित भई बैदेशिक रोजगारीबाट फिर्ता हुने युवा लक्षित कार्यक्रममार्फत उत्पादन क्षेत्रमा आबद्ध गर्ने कार्यक्रम ल्याउनु पर्दछ। यसका लागि सरकारले कार्ययोजना र प्रतिबद्धतासहितको बजेट बनाउनुपर्छ। अनि मात्र मुलुकलाई सम्भावित आर्थिक मन्दीको प्रभावबाट मुक्त गर्न सकिन्छ।

# कोरोनाः प्रकृतिको नियम नमान्दाको परिणाम

**वीरेन्द्रमणि पौडेल**

> प्रकृतिले उत्पत्ति गरिदिएको प्राणरक्षक अन्न, फलफूल र तरकारी रोपेर, गोडेर, एक ठाउँको अर्को ठाउँमा सारेर उत्पादन गर र बाँच भन्ने प्रकृतिको अनुरोधलाई समेत ठाडै अस्वीकार गरेर मान्छेले आज प्रकृतिलाई चुनौति दिँदै जमिन बाँझो राख्ने, उत्पादन नगर्ने मति प्रदर्शन गरेपछि विश्वभरिका मानव आज भोकमरीको नजिक नजिक आइपुगेका छन्।

एउटा अकाट्य कथन छ- प्रकृति मान्छेद्वारा नियन्त्रित हुन सक्दैन। यो सत्य हो। मान्छे लगायत संसारका हरेक जीव र निर्जीव सबै प्रकृतिद्वारा उत्पादन गरिएको वा सिर्जना गरिएको हो। जसले सिर्जना गऱ्यो नियन्त्रण पनि उसैको हुन्छ अर्थात् संसारका हरेक चिज प्रकृतिकै नियन्त्रणमा हुन्छ। प्रकृतिलाई कसैले भगवान भन्छन् फेरि यही धर्तीमा भगवानलाई भगवान नभनेर प्रकृति भन्न रुचाउनेहरु पनि छन्। यही कारण भगवानभन्दा प्रकृति भन्न उपयुक्त मानिन्छ। अब रहस्यको हिसाबले हेर्ने हो भने न त प्रकृतिको रहस्य मान्छेलाई थाहा छ, न भगवानको रहस्यबारे नै मान्छे जानकार छ। यसकारण कसैलाई भगवान भन्न वा प्रकृति भन्न कसैले छेक्दैन। यहाँनेर पनि प्रकृति नै भनौं, यसो भन्दा पनि कसैलाई शंका हुँदैन।

आफूलाई आफैंले सर्वश्रेष्ठ घोषणा गर्ने मान्छेले अरु प्राणीलाई त टेरेन टेरेन, आफैंलाई जन्माउने प्रकृतिलाई समेत चुनौति दियो। प्रकृतिको इशारा स्वरुपको क्रियाकलापलाई मान्छेले बुझेन वा बुझेर पनि नबुझेको झैं गऱ्यो। सिधा वा घुमाउरो पाराले प्रकृतिलाई नै घोच्न, चिथोर्न, टोक्न र लछारपछार पार्न थाल्यो। मान्छेले यसो गर्दा प्रकृतिले ऐया र आत्था भनेको पनि हुन सक्छ तर प्रकृतिको विशेषता बोल्ने वा आवाज निकाल्ने नभइ परिणाम दिएर मान्छेलाई जानकारी दिने हुन्छ भन्ने मान्छेले बुझ्ने चाहना राखेन। सबैभन्दा पहिला बुझ्नै पर्ने कुरा के थियो भने प्रकृतिद्वारा जति पनि प्राणीहरु जन्माइएको छ, ती सबै प्राणीलाई जन्मिने बित्तिकै खानाको बन्दोबस्त गरिएको छ। खानाबिना संसारका कुनै पनि प्राणी बाँच्न नसक्ने र बाँच्नका लागि खाना अत्यावश्यक भएको हुँदा जन्मिने बित्तिकै खाना तयार बनाउने काम भएको छ। सजिलैसँग बुझिने उदाहरण यो हो कि एउटा बच्चा जन्मिनु अघि भनौं वा एक महिला गर्भवती हुनु अघिसम्म स्त्रीको स्तनमा दूध भरिन्न। जब बच्चा जन्मिने बेला आइपुग्छ तब जन्मिने बित्तिकै जन्मिएको बच्चालाई दूध पर्याप्त हुने किसिमले महिलाको स्तनमा दूध भरिन्छ। जबकि अविवाहित वा गर्भवती नभएका उमेर पुगेका कुनै पनि स्त्रीहरुको स्तनमा बच्चाका लागि दूध भरिन्न। यो नियम प्रकृतिको हो। यस्तैगरी गाई, भैंसी, बाख्रा वा अन्य स्तनधारी प्राणीहरुमा समेत यो नियम लागू हुन्छ।



बुझ्नै पर्ने कुरा के पनि थियो भने मान्छेको बच्चाले आफ्नी आमाको मात्रै दूध पिउने संकेत गरेको छ तर मान्छेले प्रकृतिको त्यो संकेत वा इशारालाई नबुझेर वा प्रकृतिलाई हेपेर अरु प्राणीको दूध समेत आफ्ना बच्चालाई खुवाउन थाल्यो। प्रकृतिको नियम त गाईको दूध पिउने हकदार बाच्छाबाच्छी नै हो। भैंसीको दूध पिउने अधिकार पाडापाडीलाई नै हो तर मान्छेले जानेर वा नजानेर बाख्रा समेतको दूध मान्छेको बच्चालाई पिलाउन थाल्यो। यो प्रकृतिको नियम विपरीत हो। रगत समूह मिलेको खण्डमा एक मानिसको रगत अर्को मान्छेको शरीरमा प्रवेश गराउन मिल्छ तर गाई, भैंसी वा बाख्राको रगत मान्छेको शरीरमा प्रवेश गराउन मिल्दैन। जब पशुको रगत मान्छेको शरीरमा प्रवेश गराउन मिल्दैन भने पशुको रगतबाटै बनेको दूध पनि मान्छेको शरीरभित्र प्रवेश गराउन उपयुक्त हुँदैन तर मान्छेले प्रकृतिलाई चुनौति दियो। मान्छेले पशुको दूध सेवन गर्न लाग्यो। यतिमात्रै होइन, मान्छेले पशु र चराचुरुंगीको मासु समेत भकाभक खान थाल्यो। प्रकृतिले कुन प्राणी कति संख्यामा जन्माउनुपर्छ ठीक हिसाब गरेर उत्पत्ति गरेको हुन्छ तर मान्छेले पशु र चराचुरुंगी मारेर मासु खान थालेपछि ती पशु र चराचुरुंगीले खाने अन्य प्राणीको संख्यामा घटबढ हुन थाल्यो। पहिलो कुरा त मान्छे मासु खाने प्राणी नै होइन। तर, मान्छेले मासु खाइदिँदा मासु खाने अरु प्राणीलाई आहारा कम हुने स्थिति देखा पऱ्यो भने अर्कोतिर खानै नहुने मासु खाँदा मान्छे रोगैरोगको शिकार हुन पुग्यो।

अहिले पनि वैज्ञानिक परीक्षणले यही सावित गरेको छ कि मासु नखानेको तुलनामा मासु खाने मान्छेहरु ज्यादा रोगी भएका छन्। फेरि घरपालुवा पशुको तुलनामा जंगली जनावरको मासुमा अनेकौं डरलाग्दा भाइरसहरु भएको हालै विश्व स्वास्थ्य संगठनले जानकारी गराउँदै जंगली जनावरको मासु सकेसम्म नखान अनुरोध गरेको छ। अनुरोध त भर्खरै गरिएको हो तर घरपालुवा र जंगली जनावरको मासु त विश्वमानवले धेरै अघिदेखि खाँदै आएको हो।

चराबाट बर्ड फ्लू देखा पऱ्यो र मान्छेलाई तर्सायो। चरा र कुखुराको मासु खाँदा के हुन्छ, मान्छेले जान्यो। सुंगुरबाट स्वाइन फ्लू देखा पऱ्यो। सुंगुरको मासु खाँदाको परिणाम मान्छेले थाहा पायो। इबोला भाइरसले मान्छे माऱ्यो। यो भाइरस पनि जीवबाटै उत्पत्ति भएको हो। अहिले विश्वमानवको निद्रा भङ्ग गरिरहेको नोबेल कोरोना भाइरस पनि चमेरो वा कुनै नामको जीवबाट उत्पत्ति भएर विश्वभर फैलिएको बताइएको छ। यहाँनेर यसरी पनि के प्रमाणित हुन आउँछ भने यदि मान्छेले अरु प्राणीको मासु खाएर प्रकृतिलाई चुनौति नदिएको भए यतिबेला विश्वमानव यसरी डाँको छाडेर रुनु पर्थेन, गरिबीको र बेरोजगारीको चिन्ताले निधार खुम्च्याउनु पर्थेन। भोकमरीको सम्भावित खतरा महशुस गरेर रातभरि जाग्राम बस्नु पर्थेन।

मान्छेले मासु खाएर ठूलै गल्ती गऱ्यो। मासु खाएर प्रकृतिलाई जिस्क्याउँदा प्राणघातक रोगहरु देखा परे। यी भाइरसहरुलाई मान्छेले नै अरु प्राणीको मासु खाएर निम्ता दियो। अरुको भाग लुटेर खाँदा, पशुको भाग पशुले नै खानुपर्थ्यो तर पशुको भाग लुटेर मान्छेले खाँदा त्यो मासु खुवाइ मानव संसारमा भाइरस उपस्थितिको लागि निम्तो हुन गयो। त्यसको परिणाम आज विश्व मानवजगतमा हाहाकारको अवस्था सिर्जना भएको छ।

प्रकृतिले मान्छे बाँच्नको लागि प्रशस्त अन्न, पानी र हावाको बन्दोबस्त गरिदिएको छ। तर, बदमास मान्छेले हावालाई दूषित बनाएको छ। प्राणी विनास हुने खालको बम बारुदको फ्याक्ट्री सिर्जना गर्दा त्यहाँबाट उत्पत्ति भएको ग्यासले मान्छेले चाहिने अक्सिजनलाई नकारात्मक असर पुऱ्याएको छ। वायु प्रदूषण हुँदा मान्छे आफैं रोगी भएको छ। यो रोग पनि मान्छे आफैंले निम्त्याएको हो। कुनै पनि भाइरस र व्याक्टेरिया नभएको शुद्ध पिउने पानी प्रकृतिले मान्छेलाई दिएकै हो तर पानी पिउन नहुने अवस्थामा मान्छेले नै पुऱ्याउँदा आज पानीबाटै रोग फैलिएको छ, मान्छेले कठिनाइ व्यहोर्नु परिरहेको छ।

अब अन्नको कुरा गर्दा र मान्छेको अनुहार सम्झिँदा लाजै लाग्छ। प्रकृतिले मकै, धान, गहुँ, कोदो लगायतका अन्न, लौका, फर्सी, आलु लगायतका तरकारी र अम्बा, केरा, स्याउ लगायतका फलफूलहरु जमिनमाथि उमारिदिएको छ। संसारका कुनै पनि मानिसले एक गेडा मकै सिर्जना गरेको होइन। मकैको गेडा प्रकृतिले उत्पादन गरिदिएको हो। धान, गहुँ, केरा, स्याउ, आलु, लौकाका बीऊ प्रकृतिले उत्पादन गरिदिएको हो। कुनै मान्छेले आजसम्म कुनै पनि अन्न, तरकारी र फलफूलको बीऊ उत्पादन गर्न सकेका छैनन्। प्रकृतिले उत्पत्ति गरिदिएको प्राणरक्षक अन्न, फलफूल र तरकारी रोपेर, गोडेर, एक ठाउँको अर्को ठाउँमा सारेर उत्पादन गर र बाँच भन्ने प्रकृतिको अनुरोधलाई समेत ठाडै अस्वीकार गरेर मान्छेले आज प्रकृतिलाई चुनौति दिँदै जमिन बाँझो राख्ने, उत्पादन नगर्ने मति प्रदर्शन गरेपछि विश्वभरिका मानव आज भोकमरीको नजिक नजिक आइपुगेका छन्। यो उट्पट्याङ काम अरुले होइन, गरेको मान्छेले नै हो जसको परिणाम र सजाय मान्छे स्वयम्ले भोग्दैछ।

यतिबेला कोरोना भाइरसको उपस्थितिले मान्छेलाई प्रकृतिलाई चिथोर्न हुन्न भन्ने जानकारी दिएको छ। अहिले विश्व लकडाउन हुँदा रुख विरुवा बढेर हरियाली छाएको छ। वायुमण्डल स्वच्छ भएको छ। प्रकृति विस्तारै रमाउन लागेको छ। यो प्रकृतिको खुशीले मान्छेलाई स्वच्छ वातावरणमा बाँच्ने अवस्था सिर्जना गर्दैछ। यो अवस्थालाई हेरेर विश्व मानवले के बुझ्न जरुरी छ भने अब प्रकृतिलाई चिथोर्ने र निचोर्ने गर्न हुन्न। यदि प्रकृतिलाई गिजोल्ने काम रोकिएन भने कोरोना भाइरसजस्ता अन्य भाइरसहरु लगातार उत्पत्ति भइरहने छन् र मान्छेको सुखका दिनहरु सदाका लागि हराउने छन्। मानव जगत, होशियार। - सफल खबर

अभिमत

# सेनिटरी प्याडको प्रयोगपछि के गर्ने ?



सजिना भट्टराई

महिलाको महिनामारीलाई लिएर ठूलै समस्याको समाधान निकालेका स्यानिटरी प्याड कम्पनीको टेलिभिजनमा भव्यसँग विज्ञापन आउँछ। साधारण छोटो क्रियाकलाप दर्शाउने चलचित्र मात्र नभएर मानिसको जीवनसँग निचोड भूमिका अनि भावनालाई कोट्याएर महशुस गर्न योग्य बनाउने त्यो हातपाउका औँला भाँचेर गन्दा गनिनसक्ने कम्पनीको भिन्न-भिन्न भनाइ र गुणलाई लिएर विज्ञापन प्रस्तुत गरिएको छ।

ठूलै प्रतिस्पर्धामा लागेर ग्राहकवर्गमा स्यानिटरी प्याडको गुणस्तर अंक १ भन्दै चाहे झुटो या सही र बाकसबाहिरका स-साना चोटिला भनाइ समेटेर मानौं घेरा लगाएर आउने विज्ञापनले मानिसमा केही चेतना त अवश्य फैल्यायो र केही हदसम्म महिलाको जीवनको सहयोगी साथी भएर हामीमाँझ सर्वत्र उपलब्ध छ। साधारण किराना पसलदेखि औषधि पसलसम्म यो सजिलै पाउन सकिन्छ। तर, मानिसमा एकतर्फी दृष्टिकोणले मात्र आँखा भरिएपछि त्यसको नकारात्मक प्रभावमा आँखा नजाँदोरहेछ



क्यार।

वातावरणमा सजिलैसँग मिश्रित नहुने त्यो स्यानिटरी प्याड सार्वजनिक शौचालयमा फालिएको हुन्छ। विद्यालयको छात्रा शौचालयका पर्खाल पछाडि पोको पारेको देखिन्छ। न त हेर्ने रहर हुनु तर पनि त्यो पानी बग्ने काल्ना र पैनीको डिलमा कुकुरले कोट्याइ राखेको प्लास्टिकको झोलामा त्यही वस्तु देखिन्छ, जुन वातावरणमैत्री छैन। जान्नेले नै नियम मान्या छैन गीतको सन्दर्भ नेपालमा प्रख्यात छ र हामी जानी-जानी नियम उल्लंघन गर्न माहिर छौं।

घरायसी पुनःप्रयोग गर्न सकिने साधनलाई हेला गरेर चमत्कारी विज्ञापनको पछि लाग्ने हामी कतै वातावरण विनाशतर्फ हिँडिराखेका त छैनौ ? अवस्था र आवश्यकता अनुसार जाने कि पैसाले र विज्ञापन ले सहज बनाइ दिनेतर्फ जाने ? वातावरणमा क-कस्को हक छ र ? प्रयोग पूर्ण रुपमा नगरौं भन्ने तर्फ यो लेखको भावना होइन तर महिलाको समस्या र महिलामैत्री आँगनको खाँचोलाई ध्यानमा राखेरै यो प्रश्न उल्लेख गरिएको हो। प्रयोगका ज्ञान बाँड्न विद्यार्थी, महिला समूह र समाज सेवा र परिवर्तन गर्न हिँडेको युवालाई विज्ञापनमा समेटिएको छ। तर त्यसको प्रयोगपछि के गर्ने, कसरी टुङ्गो लगाउने बारे कसैले व्याख्या गरेको छैन ? अब त्यसतर्फ पनि सोच्ने कि ?

# विश्वभर २ लाख ८४ हजारको मृत्यु

**जेनेभा, बैशाख २९।** कोरोनाभाइरसका कारण विश्वभर २ लाख ८४ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ४१ लाख ९६ हजार नाघेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार सोमबार मध्यान्हसम्ममा विश्वभर २४ घण्टाको अवधिमा तीन हजार ५१० जनाको ज्यान गएको छ। अघिल्लो दिन ४ हजार २४८ जनाको मृत्यु भएको थियो।

प्राप्त समाचार अनुसार विश्वभर करिब ४७ हजार मानिसको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २३ लाख ६५ हजार अर्थात् करिव ९८ प्रतिशतको अवस्था सामान्य छ।

युरोपेली मुलुकहरुमध्ये बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। पछिल्लो विवरण अनुसार बेलायतमा ३१ हजार ८५५ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ। पछिल्लो २४ घण्टामा अमेरिकामा ७ सय ५० जनाको मात्र ज्यान गएको छ जबकी अघिल्लो दिन यहाँ १ हजार ४२२ जनाको मृत्यु भएको थियो। योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ८० हजार ७८७ पुगेको छ।

कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्समा २४ घण्टाको अवधिमा अघिल्लो दिनको झैं सामान्य रहेको छ। विगत २४ घण्टामा इटालीमा १६५, स्पेनमा १४३ र फ्रान्समा ७० जनाको ज्यान गएको छ।

# भारतीय पूर्वप्रधानमन्त्री डा. मनमोहन अस्पताल भर्ना

**भारत, बैशाख २९।** भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंह अस्पताल भर्ना भएका छन्। स्वास्थ्यमा असहजता महशुस भएपछि उनलाई आइतबार राति नै भारतको राजधानी नयाँ दिल्लीस्थित अल इण्डिया इन्स्टीच्युट अफ मेडिकल साइन्सेस् ऐम्समा भर्ना गरिएको बताइएको छ।



उनी अस्पताल भर्ना भएको उक्त अस्पतालले पुष्टि गरेको छ। सो समाचारको भारतीय कांग्रेसले पनि पुष्टि गरेको छ। छाती दुखेर असहज महशुस भएपछि उनलाई भर्ना गरिएको अस्पतालले प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिइएको छ।

भारतीय सञ्चारमाध्यमहरुका अनुसार पूर्वप्रधानमन्त्री सिंहलाई ऐम्स अस्पतालको मुटुरोग सम्बन्धी समस्या देखिएकोले उक्त अस्पतालको मुटु रोग विभागमा राखेर उपचार शुरु गरिएको छ।

पूर्वप्रधानमन्त्री सिंहको प्रारम्भिक जाँचका क्रममा स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ। उनी ८७ वर्षका छन्। पूर्वप्रधानमन्त्री सिंहको शारीरिक अवस्था सामान्य रहेको अस्पताल स्रोतलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्। यसअघि पनि डा. सिंहको मुटुको वाइपास सर्जरी गरिएको थियो। सन् २००९मा उनको मुटुको वाइपास सर्जरी भएको सो अस्पतालले जानकारी दिएको छ।

यसपटक छाती दुखेपछि उनलाई आइतबार राति अस्पताल ल्याइएको र अहिले स्वास्थ्य अवस्था सामान्य नै रहेको सो अस्पतालले सोमबार बिहान प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिइएको छ।

भारतका एकजना प्रख्यात अर्थशास्त्री मानिएका डा. सिंह हाल राजस्थानबाट भारतीय संसदको माथिल्लो सदनका लागि सांसद हुन्। उनले सन् २००४देखि सन् २०१४ सम्म लगातार दुईपटकसम्म भारतको प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्।

यसैबीच उनको स्वास्थ्यसम्बन्धमा दिल्लीका मुख्यमन्त्री अरबिन्द केजरीवालले चासो व्यक्त गरे। उनले पूर्वप्रधानमन्त्री डा. सिंहको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

मुख्यमन्त्री केजरीवालले पूर्वप्रधानमन्त्री डा. सिंहको उपचारमा कुनै कमी हुन नदिन उक्त अस्पताललाई निर्देशन पनि दिएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन्।

# अलैंचीमा नयाँ किराको प्रकोप, पूरै बगान सुक्दै

**फिदिम, बैशाख २९।** पाँचथरको याङवरक गाउँपालिकामा नयाँ प्रकारको किराले अलैंची नष्ट गर्न थालेको छ । नयाँ किराको प्रकोपले अलैंची सखाप हुँदै गएपछि यहाँका कृषक चिन्तित बनेका छन् ।

अघिल्लो वर्ष केही स्थानमा देखिएको सेतो किराले यस वर्ष अलैंचीको सबै पात खाएपछि अलैंचीका बगान सुक्न थालेका हुन् । गत वर्ष केही बोटमा देखिएको यो प्रकोपले यस वर्ष गाउँपालिका-२ फलैंचामा प्रकोपको रूप लिएको छ । अलैंचीको पातमुनि बसेर पात खाने किरा रातको समय बढी सक्रिय हुन्छ । फागुनदेखि उक्त किराको प्रकोप शुरु हुन्छ । गत वर्ष नियमित वर्षा हुने समयसम्म किराको सामान्य प्रकोप रहेकामा यस वर्ष अलैंची बाली नै सखाप पार्दै लगेको याङ्वरक-२का अलैंची कृषक प्रेमराज योङ्हाङले बताए ।

उक्त किराको प्रकोपले स्थानीयवासी चिन्तित बनेका छन् । आफ्नो करिब दुई सय रोपनी क्षेत्रफलमा लगाइएको अलैंचीको बगान सुकेर गएको कृषक समीर बेघाको भनाइ छ । प्रकोप शुरु भएको केही दिनमै सयौँ रोपनी क्षेत्रफलमा फैलिएको अलैंची बगान सुकेर गएको अर्का कृषक भीम केरुङले बताए ।

यो किराले शुरुमा अलैंचीको पात खान्छ । किराले पातपछि डाँठ र फूलसमेत खाएपछि यहाँका अलैंची धमाधम मर्न थालेका छन् । अलैंचीमा लागेको यो प्रकोप एक प्रकारको पुतलीको लार्भाबाट फैलिएको



हो । पुतलीको फुलबाट बढेको लार्भा किराको रूपमा परिवर्तन भएपछि त्यसले अलैंचीको पात र अन्य भाग खाने गरेको पाइएको कृषि ज्ञान केन्द्र पाँचथरका प्रमुख सागर विष्टले वताए । यो समस्या गत वर्ष पाँचथरको फिदिम-८मा समेत फाट्टफुट्ट देखिएको उनको भनाइ छ ।

उक्त किराको प्रकोप बढ्दै गए केही महिनामै आफ्नो वडाका सबै अलैंची बगान सखाप हुने याङवरक गाउँपालिका-२का वडाध्यक्ष देउकुमार योङहाङले बताए । नयाँ किराको प्रकोपले अलैंचीमा महामारीको रूप लिन नदिन आफूहरूले पहल थालेको वडाध्यक्ष योङ्हाङको भनाइ छ । किराको प्रकोपले अलैंची बगान सुक्दा हालसम्म एकै वर्षमा करिब रु. ५० लाख बराबरको आम्दानी गर्ने अलैंची बगान सखाप भएको वडाध्यक्ष योङ्हाङले वताए ।

अलैंचीमा नयाँ प्रकोप देखिएपछि कृषि ज्ञान केन्द्र पाँचथर र याङ्वरक गाउँपालिकाको प्राविधिक टोलीले स्थलगत निरीक्षण, रोग पहिचान र विषादि छर्ने काम थालेको छ । यो समस्याबाट अलैंचीलाई जोगाउन गाउँपालिका र कृषि ज्ञान केन्द्रबाट आसपासको क्षेत्रमा विषादी छर्न तथा प्रकोप फैलनबाट बचाउन प्राविधिक टोली खटाइएको ज्ञान केन्द्रका प्रमुख विष्टले जानकारी दिए । किराको प्रकोप हालसम्म करिब १५ सय रोपनी अलैंची बगानमा फैलिएकाले नियन्त्रण गर्न सकिने प्राविधिकले बताएका छन् ।

जिल्लाका अन्य क्षेत्रमा अलैंचीमा विभिन्न रोगले उत्पादनमा ह्रास आए पनि फलैंचामा यस्तो समस्या देखिएको थिएन । अन्न फल्ने बारीमा अलैंची रोपियो तर यसपालि किराले पूरै बगान सखाप पाऱ्यो- स्थानीय कृषक धनकुमार बेघाले भने । पाँचथरमा दुई हजार ९२० हेक्टर क्षेत्रफलमा अलैंची बगान रहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ ।

यहाँ अलैंचीको उत्पादन बढाउन एक स्थानीय तहमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, एक स्थानमा अलैंची ब्लक विकास कार्यक्रम र पाँच स्थानमा अलैंची पकेट क्षेत्रका कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् ।

## दिवेश अमेरिकन आइडलको उत्कृष्ट ७मा



विश्व प्रसिद्ध गायन प्रतिभाको खोज रियालिटी शो अमेरिकन आइडलको उपाधि यात्रामा नेपाली मूलका दिवेश पोखरेल अगाडि बढेका छन् । आइडलको १८औं संस्करणको उपाधि यात्रामा अघि बढ्ने क्रममा दिवेश उत्कृष्ट सातभित्र पर्न सफल भएका हुन् ।

उत्कृष्ट ११ प्रतिस्पर्धीबीचमा मतका आधारमा आइतबार सर्वाधिक मत ल्याउने उत्कृष्ट सातको छनौट गरिएको हो । अमेरिकाको कन्सास राज्यको विचिटा शहरमा बस्दै आएका २२ वर्षीय दिवेशले अमेरिकन आइडलमा आर्थन गनको नामले प्रतिस्पर्धा गरेका थिए । दिवेशले उत्कृष्ट सातमा पर्ने क्रममा एनिमेटेड चलचित्र द लिटल मर्मेडको एलान मेनकनको शब्द र होवार्ड एस म्यानको सङ्गीत तथा एस्ले टिसडालेको गायन रहेको किस द गर्ल बोलको गीत गाएका थिए ।

दिवेशको अमेरिकन आइडलमा सहभागितासँगै नेपाली समुदायमा पनि आइडलप्रति चासो बढेको छ । अमेरिकाको एबीसी टेलिभिजनबाट अमेरिकन आइडल कार्यक्रम प्रशारण हुँदै आएको छ ।

## लकडाउनमा चोरी गर्ने ११ जना पक्राउ

**काठमाडौँ, बैशाख २९।** कोरोना भाइरसको जोखिम हुन नदिन लकडाउन जारी रहँदा महानगरीय प्रहरीवृत्त बौद्धले चोरीमा संलग्न ११ जनालाई पक्राउ गरेको छ ।

गत चैत ११ गतेदेखि लकडाउन शुरु भएको थियो । बौद्ध क्षेत्रको विभिन्न स्थानबाट सो कार्यमा संलग्न दुई महिलासहित नौ पुरुषलाई पक्राउ गरी मुद्दा चलाएको वृतका प्रहरी नायब उपरीक्षक नवीन कार्कीले जानकारी दिए ।

विभिन्न बन्द होटल, रेस्टुराँ, पसल तथा कोठामा चोरी हुन थालेको उजुरीपछि प्रहरीले आफ्नो क्षेत्रमा गस्ती बढाएको थियो । उनले भने- गस्ती बढाएसँगै लकडाउनको मौका छोपी चोरी गर्नेलाई पक्राउ गरी अनुसन्धनपश्चात् कानूनी कारवाही अघि बढाइएको छौँ । ती मध्ये कोही बालबालिका समेत रहेका छन् । कोहीलाई सम्झाइबुझाइ गरेर परिवारको जिम्मामा पठाएका छौँ । कोहीलाई सुधारगृह पठाएका छौँ । प्रहरीले पसल चोरी गर्दैगर्दा गोरखा घर भई हाल काठमाडौँ बौद्ध बस्ने आयुष थापा मगर तथा भोजपुर घर भई काभ्रे बस्ने सुरज मगरलाई पनि प्रहरी पक्राउ गरेको थियो । त्यस्तै चार्जमा राखेको मोबाइल चोरी गर्दै गर्दा प्रहरीले दुई महिलालाई पक्राउ गरी मुद्दा दायर गरेको छ । यसरी पक्राउ पर्नेमा काठमाडौँ सुकेधाराकी रेश्मा लामा र पर्सा घर भई काठमाडौँ बस्दै आएकी निर्मला भनिने मिना लामा रहेका छन् ।

चोरी मुद्दामा पक्राउ पर्नेमा सिन्धुपाल्चोक घर भई काठमाडौँ गोकर्णेश्वर बस्ने असल भुजेल र अभिषेक भुजेल, ओखलढुङ्गा घर भई काठमाडौँ बस्ने डिमा शेर्पा र धनबहादुर तामाङ, बूढानीलकण्ठका आयुष राई र सुमन लिम्बू रहेका प्रहरीले जनाएको छ ।

## ब्राउनसुगरसहित एक जना पक्राउ

**झापा, बैशाख २८।** झापाको कन्काई नगरपालिका-४ का ४० बर्षीय प्रदीप बुढाथोकी नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

बुढाथोकीले आफ्नै घरबाट नियन्त्रित लागूऔषध ब्राउनसुगरको कारोवार गरिरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरी टोलीले निजलाई घरबाट नै १० ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको हो ।

## भरुवा बन्दुक र मृत कालिजसहित पक्राउ

**सोलुखुम्बु, बैशाख २९।** सोताङ गाउँपालिका-३ पोक्चमबाट भरुवा बन्दुक एक थान, मृगको मासु २ केजी र मृत कालिजसहित सोही ठाउँ बस्ने २१ वर्षीय प्रदीप राईलाई प्रहरीले पक्राउ गरेको छ ।

सोही गाउँपालिकास्थित सोल्पा नागीयाङ सामुदायिक वनबाट शिकार गरी घरतर्फ फर्कने क्रममा राईलाई ईलाका प्रहरी कार्यालय सोताङबाट खटिएको प्रहरीले उक्त भरुवा बन्दुकसहित फेला पारी पक्राउ गरेको हो ।

उनीसँगै रहेका सोही ठाउँ बस्ने २५ वर्षीय दीपक राई प्रहरीलाई देख्नासाथ फरार भएकोले प्रहरीले उनको खोजी गरिरहेको छ ।

# लकडाउनमा आएका युवा सडक स्तरोन्नतिमा

**खोटाङ, बैशाख २९।** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका युवा यतिबेला सडक स्तरोन्नतिका काममा व्यस्त छन् ।

कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्न सरकारले लागू गरेको लकडाउनको समयमा घर आएका खार्मीका युवा आफ्नो क्षेत्रका सडक बाह्रै महिना सञ्चालनमा ल्याउने गरी स्तरोन्नतिमा जुटेका हुन् ।

आठ वर्षअघि ट्र्याक खोलेर अहिलेसम्म कच्ची अवस्थामा रहेको दिक्तेल-खार्मी-बास्पानी-बाक्सिला सडकखण्डको खार्मीस्थित कालिका माविदेखि तापखोलासम्मको ट्र्याकलाई ग्रेड मिलाउँदै स्तरोन्नतिको काम थालिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष हेमन्त राईले बताए । सांसद विशाल भट्टराईमार्फत विनियोजन भएको बजेटबाट स्काभेटर लगाएर सडक फराकिलो पार्ने काम भइरहेको छ- उनले बताए । उनले भने- स्काभेटरले फराकिलो पारेको सडकमा वर्षात्को समयमा आउने भलबाढी रोकेर बाह्रै महिना सञ्चालनमा ल्याउन युवा परिचालन गरिएको हो ।

सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्यसमेत रहेका सांसद भट्टराईको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत विनियोजन गरिएको रु. १५ लाख बजेटबाट खार्मीस्थित कालिका माविदेखि तापखोलासम्मको करिब सात किलोमिटर सडकखण्डमा स्तरोन्नतिको काम थालिएको उपभोक्ता समितिका अध्यक्ष राईले बताए । स्काभेटरको अगाडिपछाडि सामाजिक दूरी कायम गरेर दैनिक १५ देखि २० युवाले सडक स्तरोन्नतिको काममा श्रमदान गरिरहेका छन्- उनले भने- विनियोजित बजेटले मात्र सडक स्तरोन्नतिको काम नसकिने भएकाले स्थानीय युवाको सक्रियतामा श्रमदान जुटाइएको हो ।

लकडाउन अगावै गाउँ भित्रिएका अधिकांश युवा सामाजिक दूरी कायम गरेर दैनिक सडक स्तरोन्नतिको काममा खटिएका छन् । जिल्लाको उत्तरी क्षेत्रमा पर्ने केपिलासगढी गाउँपालिका पुग्ने सबैभन्दा छोटो दूरीको उक्त सडकखण्डमा पर्ने कालिका मावि-तापखोला सडक यही वैशाख २१ गतेदेखि स्तरोन्नतिको काम थालिएको हो ।

हिउँदभर करिब छ महिनामात्र सञ्चालन हुँदै आएको सो सडक वर्षातको समयमा पूर्णरूपमा बन्द हुँदा दैनिक उपभोग्यवस्तु ढुवानी तथा आवतजावतमा समेत समस्या हुने भएकाले बाह्रै महिना सञ्चालनमा ल्याउन युवाको श्रमदान जुटाइको स्थानीय समाजसेवी इखबहादुर राईले बताए । स्थानीयस्तरबाटै गर्न सकिने कामलाई पनि राज्यको मुख ताक्ने प्रवृत्ति देशमा विकास हुँदै गएको छ- उनले भने- आफूले गर्न सकिने कामलाई आफैँले गर्नुपर्छ भन्ने सन्देश दिन खार्मीका युवा श्रमदानमा जुटेका हुन् ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट उत्तरी क्षेत्रको अर्को व्यापारिक केन्द्र बाक्सिला बजार पुग्ने सबैभन्दा छोटो दूरीको सडक भए पनि स्तरोन्नतिका काममा यसअघिसम्म कसैको ध्यान पुगेको थिएन । सो सडकखण्डलाई बजेट प्राप्त नहुँदा हरेक वर्ष तुर्खाका युवाले श्रमदान जुटाएर मर्मत गर्दै आएका छन् ।

यसैबीच रावाबेँसी गाउँपालिका-१ कुभिण्डेस्थित दम्कुका स्थानीय युवा पनि यतिखेर सडक मर्मतमै सक्रिय रहेका छन् । वर्षात्को समयमा आउने भलबाढी रोक्न तथा गाडी फस्ने ठाँउमा सोलिङ गरेर बाह्रै महिना सडक सञ्चालनमा ल्याउने उद्देश्यले मर्मत कार्य थालिएको स्थानीय युवा टीकाराम राईले बताए । खार्मी र दम्कुसँगै लकडाउनको समयमा घर आएर बसेका जिल्लाका हरेक स्थानीय तहका युवा यतिखेर सामुहिक काममा व्यस्त छन् । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा चाडपर्वको समयमा पनि हरेक घरका एक/एक जना भेला भएर सामुहिक काम गर्ने प्रचलन छ ।

चाडपर्वको अवसरमा आआफ्नो घर आवजावत गर्ने पाहुनालाई लक्षित गरेर सडक, गोरेटोबाटो, धारा तथा पँधेरा, मन्दिरलगायत सार्वजनिकस्थल मर्मत गर्ने गरिएको छ । सामुहिक काममा खटिने कतिपय ठाउँका युवालाई स्थानीय बासिन्दा तथा सामाजिक अगुवाले खाजासमेत उपलब्ध गराउने गरेका छन् ।

## एम्बुलेन्समा यात्रु ओसारपसार गर्ने दुई जना पक्राउ

**झापा, बैशाख २९।** एम्बुलेन्समा यात्रु ओसारपसार गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बिश्रामपुर गाउँपालिका-२ बस्ने २४ वर्षीय राजन पटेल र सोही गाउँपालिका-३ बस्ने २७ वर्षीय अनिल पटेल रहेका छन् ।

कोरोना भाइरस (कोभिड-१९)का कारण देशभर लकडाउन भइरहेको अवस्थामा उनीहरुले बिरामी बोक्ने अन टेष्ट लेखिएको एम्बुलेन्समा यात्रु बोकी ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले फेला पारी पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान पश्चात जिल्ला प्रशासन कार्यालय बारामा पेश गरिएकोमा उक्त कार्यालयको आदेशले राजन पटेल सात हजार रुपैयाँ र अनिल पटेल २८ हजार रुपैयाँ धरौटी राखि तारेखमा रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ ।
साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**
**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** तारिफयोग्य कामले धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनेछ र आफ्नो क्षेत्रको नेतृत्व हातलागी हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** राम्रो कामले दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । दिउँसोदेखि दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** परिश्रमले धेरैको मन जित्न सकिनेछ । मेहनतले लोकप्रियता र कीर्तिमानी हासिल गर्न सकिनेछ । पेसामा प्रशस्त फाइदा हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूका लागि समय खर्चनुपर्ला । परिस्थिति अलि बिग्रन सक्छ । सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । दिउँसोदेखि काम देखाएर प्रभाव जमाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्ने छन् । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । रमाइलो यात्राका बीच अतिथिका रूपमा सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यापार-व्यवसायमा आम्दानी बढ्नेछ । दिउँसोदेखि काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला । मेहनतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम बन्नेछ । तापनि रमाइलो क्षणमा मन ढुक्क भने नहुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** वादविवादबाट सजग रहनुहोला । मध्याह्नपछि व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोशिस गर्ने छन् । परिस्थिति अनुकूल बनाउन सकिनेछ ।